कैलाश गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
कालिकाटार, मकवानपुर
३ नं. प्रदेश, नेपाल

जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी

# कैलाश गाउँपालिका बिनियोजन ऐन, २०७६

गाँउसभामा पेश भएको मितिः २०७६/०३/१०

गाउँसभाबाट स्वीकृत मितिः २०७६/०३/३०

कैलाश गाउँपालिका

२०७६

टंक बहादुर मुक्तान
अध्यक्ष

कैलाश गाउँपालिकाको आर्थिक बर्ष २०७६/२०७६ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्थ गर्न बनेको ऐन

प्रस्तावना: कैलाश गाउँपालिकाको आर्थिक बर्ष २०७६।०७७ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकमखर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२९ को धाराउप (२) बमोजिम कैलाश गाउँसभाले यो ऐन बनाएंको छ ।

१. संक्षिप्तनाम र प्रारम्भः

(१)यस ऐनको नाम कैलाश गाउँपालिकाको "विनियोजन ऐन, २०७६" रहेको छ ।

(२) यो ऐनुरुन्त प्रारम्भ हुनेछ ।

२. आर्थिक वर्ष २०७६/७७ को निमित्त सञ्चितकोषबाट रकम खर्च गर्ने अधिकारः (१)आर्थिक वर्ष २०७६/७७ को निमित्त गाउँकार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालू खर्च, पूँजिगतखर्च र बित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम ३८ करोड ४२ लाख ७४ हजार रुपैयामात्र मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिने छ।

३. विनियोजनः (१) यस ऐनद्वारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७५।०७६ को निमित्त कैलाश गाउँपालिकाको गाउँकार्यपालिका, वडा समिति तथा वडा कार्यालय विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिने छ ।

(२)उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुगहुने देखिनआएमा गाउँकार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न निकासा तथा र खर्च जनाउन सकिनेछ । पूँजिगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षक तर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्च तर्फ बिनियोजित रकम व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन ।

तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिने छ।

टंक बहादुर मुक्तान
अध्यक्ष

कैलाश गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय, मकवानपुर
कालिकाटार, ३ नं. प्रदेश, नेपाल

(३)उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा गाउँसभाको स्वीकृति लिनु पर्नेछ ।

अनुसूचि–१

(दफा २ संग सम्बन्धित)

नेपालको संविधानको धारा २२९ (२) बमोजिम

रु. हजारमा

संञ्चित कोषबाट विनियोजन हुने रकम

रु. हजारमा

| क्र.सं. | अनुदान संख्या | शीर्षकको नाम | चालु खर्च | पूँजिगत खर्च | वित्तिय व्ययस्था | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
| १ | | गाउँ/नगरपालिका | १६८३३९ | २१५९३५ | | ३८४२७४ |
| २ | | वडा समिति | | | | |
| ३ | | विषयगत शाखा | | | | |
| ४ | | ऋणको सावा व्याज भुक्ता | | | | |
| ५ | | लगानी (शेयर/ ऋण) | | | | |

टंक बहादुर मुक्तान
अध्यक्ष